# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।०१ गते ।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला महोत्तरी, औरही नगरपालिकाको नगर खानेपानी कल तथा मोटर वितरणमा अनियमितता भएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा औरही नगरपालिकाले आ.व. २०७९/२०८० मा ह्याण्डपम्प/ ट्युबवेल (चापाकल) खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ.ऐ. नियमावली, २०६४ विपरीत मालसामान आपूर्ति गर्ने कार्यमा समेत Contractor's Overhead को रूपमा मालसामानको आइटम दररेटमा प्रतिवादीहरूले एक आपसमा गैरकानुनी लाभ प्राप्तिका लागि १५% थप गरी लागत अनुमान स्वीकृत गरी गराई, एउटै वस्तु, सेवा वा सामानको खरिदलाई विभिन्न बिधिहरू प्रयोग गरी पटक-पटक खरिदलाई टुक्राई Procurement Splitting गराई खरिद प्रक्रियामा प्रतिस्पर्धालाई जानी बुझी सीमित गरी गराई, आपूर्तिकर्तासँगको मिलेमतोमा बोलपत्र मार्फत खरिद गर्नुपर्ने कार्य सिलबन्दी दरभाउपत्र र सोझै खरिद गरी गराई स्थानीय सरकार र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको, खरिद गरिएका ह्याण्डपम्प लगायतका मालसामानको दोहोरो भरपाई तयार गरी गराई, वितरण गरेको भनिएको ह्याण्डपम्प लगायतका मालसामानहरू बुझिलिएको र सोको भरपाई लगायतका विश्वसनीय प्रमाण पेस गर्न नसकेको, नियम विपरीत खरिद कार्य गरे गराएको तथा सो प्रयोजनको लागि लागत अनुमान, खरिद आदेश, जिन्सी दाखिला, सार्वजनिक खरिद ऐन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनसमेत बेवास्ता गरी खरिद कार्य गरी गराई, भुक्तानी दिई लिई देहायका प्रतिवादीहरू निलाम्बर मिश्र मैथली समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहायः</u>**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | औरही नगरपालिका, महोत्तरीका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **निलाम्बर मिश्र मैथली** | रू.३६,१३,०३१/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो छत्तीस लाख तेह्र हजार एकतीस रूपैया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | औरही नगरपालिका, महोत्तरीका तत्कालीन ईन्जिनियर | रू.२०,४९,४५०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो बीस लाख उनान्पचास हजार चार सय पचास रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ |

| | | | |
|---|---|---|---|
| | **सन्तोष कुमार यादव** | | को दफा ३ को उपदफा (१) को देहाय (च) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | औरही नगरपालिका , महोत्तरीका तत्कालीन सब-ईन्जिनियर **बिपिन कुमार मण्डल** | **रू.२०,४९,४५०/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो बीस लाख उनान्पचास हजार चार सय पचास रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | औरही नगरपालिका, महोत्तरीका तत्कालीन लेखापाल **बिजय कुमार यादव** | **रू.३६,१३,०३१/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो छत्तीस लाख तेह्र हजार एकतीस रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | औरही नगरपालिका, महोत्तरीका तत्कालीन जिन्सी शाखा प्रमुख **शिव शंकर यादव** | **रू.१५,६३,५८१/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो पन्ध्र लाख त्रिसठ्ठी हजार पाँच सय एकासी रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | औरही नगरपालिका, महोत्तरीका तत्कालीन योजना शाखा प्रमुख **गंगाराम यादव** | **रू.३६,१३,०३१/-** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो छत्तीस लाख तेह्र हजार एकतीस रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | **आपूर्तिकर्ता लिला आयरन स्टोर्स औरही-१ महोत्तरी** र | रू.५,३४,८७६/८१ | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि |

| | | | |
|---|---|---|---|
| | सोका प्रोप्राइटर **बिनय कुमार यादव** | | हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो पाँच लाख चौतीस हजार आठ सय छयहत्तर रूपैंया एकासी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै लिला आयरन स्टोर्स, औरही -१ महोत्तरीका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क बमोजिम समेत सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | **आपूर्तिकर्ता डि.एम. जेनरल अर्डर सप्लायर्स जलेश्वर-३ महोत्तरी** र सोका प्रोप्राइटर **दुधनाथ कुमर** | रू.११,८९,४७१ /३६ | राष्ट्रसेवक समेतका प्रतिवादीहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो एघार लाख उनान्नब्बे हजार चास सय एकहत्तर रूपैंया छत्तीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै आपूर्तिकर्ता डि. एम. जेनरल अर्डर सप्लायर्स जलेश्वर-३ महोत्तरीका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ। |
| ९. | **आपूर्तिकर्ता श्री राम ईन्टरप्राइजेज जलेश्वर-०३, महोत्तरी** र सोका प्रोप्राइटर **अमरनाथ कुमर** | रू.२,२०,१९७/३६ | राष्ट्रसेवक समेतका प्रतिवादीहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो दुई लाख बीस हजार एक सय सन्तानब्बे रूपैंया छत्तीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | मुख्य कसुरदार सरह सजाय हुन साथै आपूर्तिकर्ता श्री राम ईन्टरप्राइजेस, जलेश्वर न.पा. ०३ महोत्तरीका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क बमोजिम समेत सजाय हुन मागदाबी लिइएको छ। |
| १०. | **आपूर्तिकर्ता जैसवाल निर्माण सेवा (सिर्जना ट्रेडर्स), औरही-१, महोत्तरी** र सोका प्रोप्राइटर **रामबाबु चौधरी** | **रू.७,०९,६२३/९२** | राष्ट्रसेवक समेतका प्रतिवादीहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो सात लाख नौ हजार छ सय तेइस रूपैंया बयानब्बे पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै आपूर्तिकर्ता जैसवाल निर्माण सेवा (सिर्जना ट्रेडर्स), औरही-१, महोत्तरीका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क बमोजिम समेत सजाय हुन मागदाबी लिइएको छ। |
| ११. | **आपूर्तिकर्ता क्वालिटी सोलुसन कम्पनी प्रा.लि., बागडोल-४, ललितपुर** र सोका प्रबन्ध निर्देशक **मनोज कुमार यादव** | **रू.७,११,९००/-** | राष्ट्रसेवक समेतका प्रतिवादीहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले मुख्य कसुरदारहरूलाई बिगो सात लाख एघार हजार नौ सय रूपैंया कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै आपूर्तिकर्ता प्रतिवादी क्वालिटी सोलुसन कम्पनी प्रा.लि., बागडोल-४, ललितपुरका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क बमोजिम समेत सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने